# टिप्पणी

शहरी र ग्रामीण क्षेत्र अनुसार उमेरको यो वर्गीकरण अहिलेको पटक (२०१८) को गणनामा गरिएको थप प्रयास हो । यस गणनामा शहरी क्षेत्रको परिभाषा पाँच हजार र सो भन्दा बढी जनसंख्या केन्द्रीय ( dustor) भएको शहरी वातावरण, जस्तो - हाइस्कल, कलेज अड्डा, अदालत, बिभिन्न कार्यालयहरु बजार, संचार व्यवस्था, मील फ्याक्टरी आदि भएका क्षेत्रलाई शहरी क्षेत्र मानिएको छ । भनी गरिएको छ । उक्त परिभाषा अन्तर्गतका क्षेत्र र त्यसका अतिरिक्त नगर पालिका क्षेत्रका अन्तर्गत सवै क्षेत्रलाई शहरी क्षेत्र मानिएको छ ।

यो भन्दा अघिको गणना (२००९।०११) मा उमेरको वर्गीकरण शहरी र ग्रामीण क्षेत्र अनुसार नभएको हुँदा गणनाको दृष्टिकोणबाट उमेरको वर्गीकरण परस्पर दाँजो गर्न सम्भव नभएता पनि शहरी र ग्रामीण क्षेत्रको जनसंख्या (२०१८) को उमेरमा के कस्तो भिन्नता रहेछ भन्ने कुरो तलको तालिकाबाट स्पष्ट हुन आउंदछ ।

**तालिका सं.१ :-विभिन्न उमेरको तहमा पर्ने जनसंख्या प्रतिशतमा शहर र ग्रामीण क्षेत्र अनुसार २०१८ साल (क्रमश :) ।**

| | शहर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उमेर | ०-१४ वर्ष | | १५-५९ वर्ष | | ६०+वर्ष | | उ. नखु. वर्ष | |
| प्रदेश | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी |
| नेपाल | ३४.२२ | ३५.९० | ५९.९२ | ५६.६४ | ४.५९ | ५.७९ | १.२७ | १.६७ |
| पूर्व पहाड | ३७.६४ | ३६.९७ | ५६.०४ | ५५.६३ | ६.१८ | ६.६५ | ०.१४ | ०.७५ |
| पूर्व भित्री मधेश | - | - | - | - | - | - | - | - |
| पूर्व तराई | ३४.१५ | ३९.२२ | ५९.८५ | ५२.७३ | ३.१६ | ४.५८ | २.८४ | ३.३७ |
| काठमाडौं उपत्यका | ३३.७८ | ३४.५२ | ६०.२६ | ५८.११ | ५.२३ | ६.१९ | ०.७३ | १.१८ |
| पश्चिम पहाड | ४०.८७ | ३८.१८ | ५४.७८ | ५५.२७ | ३.८१ | ५.६२ | ०.५४ | ०.९३ |
| सुदूर पश्चिम पहाड | - | - | - | - | - | - | - | - |
| मध्य भित्री मधेश | - | - | - | - | - | - | - | - |
| पश्चिम भित्री मधेश | - | - | - | - | - | - | - | - |
| पश्चिम तराई | - | - | - | - | - | - | - | - |
| सुदूर पश्चिम तराई | ३५.३२ | ३५.८४ | ६०.१६ | ५७.२६ | ४.२३ | ६.०७ | ०.२९ | ०.८३ |

तालिका सं.१: - विभिन्न उमेरको तहमा पर्ने जनसंख्या प्रतिशतमा शहर र ग्रामीण क्षेत्र अनुसार २०१८ (क्रमश :) ।

| उमेर | ग्रामीण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ०-१४ वर्ष | | १५-५९ वर्ष | | ६०+वर्ष | | उ. नखु. वर्ष | |
| प्रदेश | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी |
| नेपाल | ४१.५१ | ३८.६५ | ५३.५१ | ५५.३६ | ४.८० | ५.५८ | ०.१८ | ०.४१ |
| पूर्व पहाड | ४३.१९ | ३९.५२ | ५१.११ | ५३.७० | ५.५२ | ६.४८ | ०.१८ | ०.३० |
| पूर्व भित्री मधेश | ४३.३१ | ३९.८७ | ५२.३१ | ५४.२५ | ४.२९ | ५.७७ | ०.१९ | ०.११ |
| पूर्व तराई | ४०.३१ | ३८.३५ | ५६.२६ | ५६.१५ | ३.२० | ४.७६ | ०.२३ | ०.७४ |
| काठमाडौं उपत्यका | ३७.८६ | ३६.५२ | ५६.०६ | ५७.०७ | ५.६४ | ५.५२ | ०.४४ | ०.८९ |
| पश्चिम पहाड | ४२.९३ | ३८.१८ | ५०.५८ | ५४.९० | ६.३९ | ६.७१ | ०.१० | ०.२१ |
| सुदूर पश्चिम पहाड | ४१.५२ | ३८.६९ | ५३.३९ | ५६.४३ | ४.८९ | ४.५८ | ०.२० | ०.३० |
| मध्य भित्री मधेश | ४०.७९ | ४०.७८ | ५४.५९ | ५३.९२ | ४.३९ | ४.९२ | ०.२३ | ०.३८ |
| पश्चिम भित्री मधेश | ४४.३२ | ४४.४७ | ५२.९२ | ५२.२६ | २.६७ | ३.१४ | ०.०९ | ०.२३ |
| पश्चिम तराई | ३५.७८ | ३४.७८ | ६०.०५ | ५८.५८ | ४.०२ | ५.९९ | ०.१५ | ०.६५ |
| सुदूर पश्चिम तराई | ४०.०० | ४०.७८ | ५६.६० | ५४.५८ | ३.२८ | ४.१४ | ०.१२ | ०.५० |

उपरोक्त तालिका (सं.१) बाट यो स्पष्ट संग देखिन आउँछ कि ०-१४ वर्षको उमेर को तहमा पूर्व तराई प्रदेशको ग्रामीण क्षेत्रका नारीहरुको प्रतिशत (३८.३५%) शहरी क्षेत्रका नारीहरुको प्रतिशत (३९.३२%) भन्दा केही कम औ पश्चिम पहाड प्रदेशमा भने ग्रामीण र शहरी दुवै क्षेत्रहरुका नारीहरुको प्रतिशत एकै( ३८.१८%) हुनु बाहेक बाँकी सवै प्रदेशहरुमा शहरी क्षेत्रका नर-नारीहरुको प्रतिशत भन्दा ग्रामीण क्षेत्रका नर-नारीहरुको प्रतिशत बढी हुन गएको छ । अर्थात, शहरी क्षेत्रको जनसंख्या भन्दा ग्रामीण क्षेत्रका जनसंख्या केही तरुण देखिन्छन् । यसका तीन सम्भब कारणहरु हुन सक्दछन् ।

**(१) शहरी क्षेत्र भन्दा ग्रामीण क्षेत्रमा बढी जायजन्म (High Fortility) हुनु ।**

तर आवश्यकीय अरु लगतहरुको अभावमा यस सम्बन्धमा किटान गरेर केही भन्न नसकिने अवस्था छ । अरु विकशित देशहरुको अनुभवको आधारमा मात्र भन्ने हो भने निसन्देह नै आधुनिक औद्योगिक, व्यापारिक जटिल समस्याहरुले घेरिएको प्रतिस्पर्धापूर्ण शहरी जीवन भन्दा परम्परागत धार्मिक विश्वास र आचारपूर्ण ग्रामीण जीवन बढी जायजन्म (High Fortility) को अनुकूल नै भएको पाइन्छ । तथापि यिनै अनुभवहरुको आधारमा मात्र शहरी क्षेत्रको जायजन्म भन्दा ग्रामीण क्षेत्रको जायजन्म बढी भएकोले यो ०-१४ वर्षको उमेरको तहमा पर्ने जनसंख्याको प्रतिशत शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी भएको हो भन्नुलाइ खुब राम्रो अडकल वाहेक अरु केही भन्न सकिदैन ।

**(२) शहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रको मृत्यु दर (Death rato) केही कम हुनु ।**

हुन त मृत्यु दरमा भएको कुनै पनि परिवर्तनको असर कुनै खास उमेरको तहमा मात्र केन्द्रित नभई जनसंख्याको उमेरको सवै तहमानै असर पुरयाउने भएकोले जनसंख्याको उमेर-रचना (age-structure) को निर्णयक (determinant) यो मृत्यु दर हुन सक्दैन तथापि जीवनको प्रौढ अवस्था या वृद्ध अवस्थाका बर्षहरुमा भन्दा शैशव अवस्थाका बर्षहरुमा यो मृत्यु दरमा भएको घट या बढको निःसन्देह नै घटी या बढी प्रभाव पर्न गई यो मृत्यु दरमा हुने परिवर्तन, केही हद सम्म, जनसंख्याको वयोवृद्धि क्रम (The ageing of the Population) को कारण हुन जान्छ ।

तसर्थ यो ०-१४ वर्षको उमेरको तहमा शहरी क्षेत्रको जनसंख्याको प्रतिशत ग्रामीण क्षेत्रको जनसंख्याको प्रतिशत भन्दा कम हुन जानु शहरी र ग्रामीण क्षेत्रको मृत्यु दरमा भएको भिन्नताको कारणले पनि हुन सक्दछ । तर जन्म मृत्यु सम्बन्धि लगतको अभावमा मृत्युदरको भिन्नता वारे निर्णयात्मक रुपमा केही भन्न सकिदैन ।

**(३) व्यक्तिको उमेर सम्बन्धि लगत लेखाई शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढि गुणात्मक हुनु ।**

उमेर नखुलेको उमेरको तहमा पूर्व पहाड प्रदेशको नरहरु बाहेक बाँकी सवै प्रदेशहरुको ग्रामीण क्षेत्रका नर नारीहरुको प्रतिशत शहरी क्षेत्रका नर-नारीहरुको प्रतिशत भन्दा घटी भएबाट पनि माथिको संभावनाको पुष्टि गर्दछ ।

१५-५९ वर्षको उमेरको तहमा पूर्व तराईको शहरी क्षेत्रको नारीहरुको प्रतिशत (५२.७३%) ग्रामीण क्षेत्रको नारीहरुको प्रतिशत (५६.१५%) भन्दा केही घटी हुनु बाहेक सवै प्रदेशहरुका शहरी क्षेत्रका नारीहरुको प्रतिशत ग्रामीण क्षेत्रका नर-नारीहरुको प्रतिशत भन्दा केही बढि हुन गएको देखिन्छ । काम गर्ने उमेरको तहमा नर-नारीहरु कामको खोजीमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्र तर्फ आकर्षित भएबाट नै यस्तो भएको हो । यस प्रकार घेरै ग्रामीण क्षेत्र भएको देश नेपालमा पनि शहरियाई (Urbanization) को प्रथम चरण मानिएको ग्रामीण क्षेत्रबाट शहरी क्षेत्र तर्फको स्थानान्तरण (Rural–Urban Migration) देखा पर्न थालेको छ ।